# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## नयाँगाउँ, प्युठान
## ५ नं. प्रदेश, नेपाल

माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नयाँगाउँ, प्युठान ५ नं. प्रदेश, नेपाल २०७३

**पत्र संख्या : २०७५/०७६**
**चलानी नं. :**

**फोन नं. : ९८५७८३६००६**
**मिति: २०७५/ १०/०७**

---

## व्यवसायिक कृषकका लागि कृषि यन्त्रीकरण उपकरण वितरण अनुदान कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७५/१०/०७**

यस कार्यालयको आ.व. २०७५/०७६को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यूवा/व्यवसायिक कृषकहरुलाई कृषि पेशामा आधुनिकरण गरी व्यवसायिक एबम प्रतिस्पर्धात्मक बनाउनका लागि ५० प्रतिशत अनुदानमा कृषि यन्त्रीकरण /उपकरण ( मिनी पावर टेलर, डिजिटल तराजु/फुट स्प्रे) वितरण कार्यक्रम रहेकाले ईच्छुक व्यवसायिक कृषकहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावक यूवा/ व्यवसायिक कृषक साझेदारी फार्महरुले सरकारी निकायबाट विगत २ आर्थिक वर्ष सम्ममा नगद वा वस्तुगत अनुदान सहयोग लिई सकेका फार्महरु छनौट प्रक्रियामा समावेश हुने छैनन् । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पूनश्च: आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

**तपशिल:**

१.अनुसूची २ अनुसारको आवेदन फाराम ।
२.अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
३.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
४.अन्य प्रमाणित प्रमाण पत्रहरु -तालिम,शैक्षिक योग्यता,अनुभव,जग्गा भाडा सम्झौता पत्र आदि ) को प्रतिलिपि ।
५.वैदेशिक रोजगारीबाट फर्केको भए सोको प्रमाणपत्र ।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस
७.कार्यक्रम कार्यान्वयन गर्ने स्थलको फोटो ।
८. दरखास्त दस्तुर: रु ५००
९. थप जानकारीको लागि: ९८५७८३३१९८/ ९८४७८५६८८८ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

........
मेघराज पोखेल
कृषि शाखा संयोजक

२०।०६........
शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत

---



माण्डवी गाउँपालिका